| कोहलपुर नगरपालिका | | |
| --- | --- | --- |
| **स्थानीय राजपत्र** | | |
| खण्डः ०६ | संख्याः १६ | मितिः २०७९/१२/२६ |

भाग - ०२

कोहलपुर नगरपालिका

# कोहलपुर नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि-२०७९

**प्रस्तावनाः** कोहलपुर नगरपालिकामा बसोवास गरी आएका आम नागरिकहरुको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा सामाजिक सम्बन्ध कायम राख्नको लागि मदिराको उत्पादन, विक्री-वितरण, निकासी-पैठारी समेतमा नियन्त्रण,व्यवस्थापन तथा नियमन गर्न आवश्यक देखिएकोले कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगर कार्यपालिकाको बैठक संख्या १९ मिति २०७९/१२/२३ ले स्वीकृत गरी यो कार्यविधी लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिकः-

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** १) यस कार्यविधिको नाम "कोहलपुर नगरपालिका मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९" रहेको छ।

२) यो कार्यविधि कोहलपुर नगरपालिका क्षेत्र भित्र लागु हुनेछ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, ब्राण्डी, भोड्का, वियर,

वाइन, सेरी, सेन्पेन, साइडरपेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइट स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउने छ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नको लागि आवश्यक पदार्थ कुहाउने तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्न वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्यलाई सम्झनु पर्छ।

(ग) "व्यवस्थापन" भन्नाले मदिराजन्य पदार्थको उत्पादन, विक्री तथा वितरण, निकासी पैठारी गर्नको निम्ति इजाजत पत्र प्रदान गरी मदिराजन्य पदार्थको उत्पादन, विक्री तथा वितरण, निकासी र पैठारीको कार्य व्यवस्थित गर्ने कार्यलाई सम्झनु पर्छ।

(घ) "इजाजत पत्र" भन्नाले दफा ११ बमोजिम मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गर्न दिएको इजाजत पत्र सम्झनु पर्छ।

(ङ) "उत्पादक" भन्नाले मदिरा उत्पादन गर्न इजाजत पत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनि वा संस्थालाई सम्झनु पर्छ।

(च) "व्यक्ति" भन्नाले (प्राकृतिक तथा कानूनी व्यक्ति) वा कुनै व्यक्ति प्रतिष्ठान, संघ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको सञ्चालक, प्रोप्राइटर वा मुख्य भई काम गर्ने प्रतिनिधि वा ऐजेन्ट सम्झनु पर्छ र सो शब्दले नाफाको उदेश्य लिई वा नलिई मदिराको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रुपमा विक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा उपशाखा वा त्यस्तै अन्य कारोवार गर्ने स्थान समेतलाई जनाउने छ।

(छ) "निकासी" भन्नाले प्रचलित कानून बमोजिम उत्पादन भएको मदिरालाई एक स्थानबाट अर्को स्थानमा खरीद विक्री गरी पठाउने कार्यलाई सम्झनु पर्छ।

(ज) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपाल भित्र मदिरा ल्याउने कार्य सम्झनु पर्छ।

(झ) "प्रचलित कानून" भन्नाले मदिरा सम्बन्धी प्रचलित कानून मदिरा ऐन २०३१ र मदिरा सम्बन्धी नियमावली २०३३ लाई सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ट) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिकालाई जनाउने छ।

(ठ) "मूल समिति" भन्नाले नगर स्तरीय मदिरा व्यवस्थापन तथा नियमन मूल समितिलाई जनाउदछ।

(ड) "अनुगमन समिति" भन्नाले मदिरा विक्री वितरण तथा व्यवस्थापन अनुगमन समिति भन्ने जनाउदछ।

(ढ) "न्यायिक समिति" भन्नाले कोहलपुर नगरपालिकाको न्यायिक समिति भन्ने जनाउदछ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(त) "मदिरा डिलर" भन्नाले विर्को नखोली मदिरा विक्री गर्ने पसल भन्ने जनाउदछ।

(थ) "खुद्रा मदिरा पसल" भन्नाले नयाँ विर्को खोली मदिरा विक्री गर्ने पसल भन्ने जनाउदछ।

## परिच्छेद-२
## समिति गठन सम्बन्धी व्यवस्था

३. मदिरा उत्पादन विक्री वितरण व्यवस्थापन तथा नियमन गर्न देहाय बमोजिमको समितिहरु रहनेछन्।

१) नगर स्तरीय मदिरा व्यवस्थापन तथा नियमन मूल समिति

| | | |
|---|---|---|
| (क) प्रमुख, कोहलपुर नगरपालिका | - | संयोजक |
| (ख) उप-प्रमुख, कोहलपुर नगरपालिका | - | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत कोहलपुर नगरपालिका | - | सदस्य |
| (घ) कार्यपालिका तथा नगर सभा सदस्य बाट ३ जना | - | सदस्य |
| (ङ) ईलाका प्रशासन कार्यालय कोहलपुर प्रमुख | - | सदस्य |
| (च) ईलाका प्रहरी कार्यालय कोहलपुर प्रमुख | - | सदस्य |
| (छ) प्रतिनिधि, उद्योग वाणिज्य संघ | - | सदस्य |
| (ज) प्रतिनिधि, आन्तरिक राजश्व कार्यालय | - | सदस्य |
| (झ) प्रतिनिधि, होटल व्यवसायी संघ | - | सदस्य |
| (ञ) प्रतिनिधि, आमा समूह | - | सदस्य |
| (ट) प्रतिनिधि, टोल विकास संस्था | - | सदस्य |
| (ठ) नगर प्रहरी प्रमुख | - | सदस्य |
| (ड) नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख वा अधिकृत कर्मचारी | - | सदस्य-सचिव |

४. **मूल समितिको काम, कर्तव्य र अधिकारः-**

(क) नगरपालिका क्षेत्रमा अव्यवस्थित मदिराको उत्पादन तथा विक्री वितरणलाई व्यवस्थित गरी नगरपालिकामा हुने विकृति, विसङ्गतिलाई रोक्न आवश्यक कार्य गर्ने, गराउने।

(ख) वडा स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा निर्देशन दिने।

(ग) मदिराको बिक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस कार्य विधिलाई कडाइका साथ लागू गर्ने, गराउने।

(घ) यो कार्यविधि विपरीत मदिरा उत्पादन बिक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने।

(ङ) मदिरा बिक्री वितरण, व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने, गराउने।

(च) वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कारवाहीको अनुगमन गर्ने, गराउने।

(छ) नगरपालिकामा मदिरा बिक्री वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक नगर सभा पूर्व नीति, बजेट तथा कार्यक्रमका बारेमा लिखित सुझाव दिने।

५. **वडा स्तरीय मदिरा व्यवस्थापन समितिः -** मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम वडा स्तरीय मदिरा व्यवस्थापन समिति गठन गरिनेछः-

(क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्यहरू - सदस्य

(ग) प्रतिनिधि, स्थानीय सुरक्षा निकाय - सदस्य

(घ) सम्बन्धित वडाका आमा समूह, स्थानीय संघ संस्था मध्येहरूबाट वडा अध्यक्षले तोकेको १ जना - सदस्य

(ङ) प्रतिनिधि, टोल विकास संस्थाबाट १जना - सदस्य

(च) सम्बन्धित वडाका वडा सचिव - सदस्य सचिव

६. **वडा स्तरीय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः-**

(क) वडामा यस कार्यविधि बमोजिम मदिरा उत्पादन, बिक्री वितरण तथा सेवन भएको छ/ छैन सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने।

(ख) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

(ग) यस कार्यविधिको पालना नगर्नेलाई कार्यविधि बमोजिम जरिवाना गर्ने जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

(घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने, गराउने।

(ङ) मादक पदार्थ सेवन विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

(च) कार्यविधि कार्यान्वयनका लागि आवश्यक सुझावहरू भए समितिबाट निर्णय गराई मूल समितिमा लिखित प्रतिवेदन पेश गर्ने ।

## परिच्छेद-३
## मदिरा उत्पादन, बिक्री वितरण र व्यवस्थापन सम्बन्धी व्यवस्था

७. **मदिराको उत्पादनमा नियन्त्रणः-** १) कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक यस नगरपालिका भित्र मदिरा उत्पादन विक्री वितरण गर्न पाउने छैन।

२) नगरपालिका क्षेत्र भित्र कोही कसैले पनि संस्कृतिजन्य अपवाद वाहेक घरेलु मदिरा उत्पादन गर्ने, विक्री वितरण गर्ने र सेवन गर्ने काम गर्न वा गराउन पाइने छैन।

३) ब्रेवरी उद्योग स्थापना भए देखि बाहेक नगरपालिकाको कुनै पनि स्थानमा घरेलु मदिरा उत्पादनमा प्रयोग हुने खम्विरा उत्पादन तथा विक्री वितरणमा पूर्ण रुपमा बन्देज लगाईएको छ।

८. **मदिराको उत्पादन तथा विक्री वितरणमा बन्देजः-** १) कसैले पनि प्लाष्टिकको पोका (पाउँच) मा मदिरा राखी विक्रि वितरण गर्न पाइने छैन। इजाजतपत्र लिएको व्यक्तिले मात्र मदिरा विक्री गर्नु पर्ने छ र मदिरा पसलमा अरु सामानहरु विक्रीका लागि राख्न पाइने छैन।

२) नगरपालिकाबाट इजाजत पत्र लिएको भएता पनि नगरपालिकाको स्वास्थ्य, शिक्षा, सरकारी कार्यालय, धार्मिक स्थल, र पुरातात्वीक महत्वका क्षेत्रहरुमा मदिराजन्य पदार्थको विक्री वितरण निषेधित क्षेत्र घोषणा गर्न सकिनेछ।

९. **मदिराको निकासी पैठारीमा नियन्त्रणः-** कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको सर्त बमोजिम बाहेक नगरपालिका भित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन।

१०. **मदिरा विक्री वितरण गर्ने समयः-** इजाजत प्राप्त व्यक्तिले विहान १० बजे देखि राति १० बजे सम्म मात्र मदिरा विक्री वितरण गर्न पाउने छ।

तर, नगरपालिकाले आवश्यक सम्झे बमोजिमको ठाउँको लागि सो समयमा हेरफेर गर्न वा सो बन्देजलाई हटाउन सक्नेछ।

११. **इजाजत लिनुपर्नेः-** यस नगरपालिका क्षेत्र भित्र कोही कसैले पनि नेपाल सरकार बाट इजाजत प्राप्त गरी उत्पादन गरेको मदिरा यस नगरपालिकामा व्यवसाय दर्ता गरी अनुसुचि २ बमोजिमको इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्नुपर्ने छ।

१२. **इजाजतपत्रको अवधि र नविकरणः-** इजाजतपत्रको अवधि एक आर्थिक वर्षको रहनेछ र हरेक आर्थिक वर्षको असार मसान्त भित्र तोकिएको दस्तुर तिरी नविकरण गर्नुपर्नेछ।

१३. **इजाजतपत्र बदर गर्न सक्नेः-** तोकिएको अधिकारीले दफा ११ बमोजिम दिएको इजाजतपत्र देहायको अवस्थामा बदर वा बदर गर्न सिफारिस गर्न सक्नेछ।

(क) इजाजतपत्र नवीकरण नगरेमा,

(ख) इजाजतपत्रमा तोकिएको शर्त उलङ्घन गरेको पाइएमा,

(ग) दफा १४ विपरीत काम गरेको पाईएमा।

१४. **व्यवसायी वा सेवाग्राहीले पालना गर्नुपर्ने शर्तहरुः-**

क) मदिराको बिक्री वितरण गर्दा सामाजिक सद्भाव, शान्ति सुव्यवस्था र अमन चयन नखल्बलिने गरी मात्र सञ्चालन गर्नु पर्नेछ।

ख) मदिराको बिक्री वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यको लागि इजाजत पत्र दिएको हो सो बमोजिम इजाजत प्राप्त व्यक्तिले विहान १० बजे देखि राती १० बजे

सम्म मात्र मदिरा विक्री वितरण गर्न पाउने छ। तर नगरपालिकाले तोकेको विशेष क्षेत्र भित्र उक्त समय सीमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

ग) कुनै पनि मदिरा पसलले सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय, फनपार्क, बसपार्क, हाट बजारस्थल, रंगशाला तथा सामाजिक महत्वका परिसर भित्र मदिरा बेचविखन गर्न पाइने छैन ।

घ) सार्वजनिक कार्यक्रम, सभा, समारोह, मेला, महोत्सव, धार्मिक कार्यक्रम, शैक्षिक कार्यक्रम, खेलकूद, भेला, सम्मेलन, गोष्ठी, कार्यशाला, कन्सर्ट जस्ता कार्यक्रममा मदिरा सेवन तथा बेचविखन गर्न पाइने छैन।

ङ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफूल लगायतका कुनै पनि पसलबाट मदिरा बिक्री वितरण गर्न पाइने छैन।

च) १८ वर्ष उमेर नपुगेका व्यक्तिले मदिरा बिक्री वितरण गर्न पाउने छैन।

छ) कसैले पनि १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई मदिरा विक्री वितरण गर्न पाउने छैन।

ज) इजाजत पत्रवालाले अन्तः शुल्क टिकट टाँस गरेको मदिरा मात्र विक्री वितरण गर्नु पर्नेछ।

झ) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विवरण राख्नु पर्नेछ।

ञ) मदिरा बिक्री वितरण गर्ने इजाजत प्राप्त व्यवसायीले पसल बाहिर सडकबाट देखिने गरी बोर्ड राख्नु पर्नेछ।

ट) कसैले पनि प्लाष्टिकको पोका (पाउँच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन।

ठ) मानव स्वास्थ्य प्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग बोर्ड बाहेक मदिराको प्रचार, प्रसार, माइकिङ्ग, विज्ञापन तथा होर्डिङ्ग बोर्ड राख्न पाइने छैन ।

ड) मदिरा बिक्रेता तथा सेवन कर्ताहरूले अनुमति प्राप्त होटल, रेष्टुराँ तथा बार बाहेक अन्यत्र मदिरा विक्री तथा सेवन गर्न गराउन पाइने छैन।

ढ) मदिरा विक्री वितरण गर्ने व्यवसायीले इजाजत पत्रमा उल्लेख भए बमोजिम पसलको नाम मदिरा वा रक्सी पसल भनेर होडिङ बोर्डमा लेख्नुपर्नेछ।

ण) मदिरा विक्रेताहरुले मदिरा बिक्री कक्षमा मदिरा बाहेक अन्य मालसमान राखी कारोवार गर्न पाउने छैन ।

त) सार्वजनिक यातायातका साधन ( बस, जिप ) तथा खाद्य पदार्थ बोकेका गाडीमा मदिरा ढुवानी गर्न पाइने छैन।

थ) ईजाजत पत्र सवैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ।

द) होटेल, रेष्टुरेन्टहरुले प्रत्यक्ष बाहिर प्रदर्शन हुने गरी मदिरा राख्न पाईने छैन ।

ध) मदिरा व्यवसायको स्वीकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र बाहेक मदिरा सेवन कक्ष अलग्गै हुनुपर्ने छ ।

न) मदिरा खरिदकर्ताले मदिराजन्य पदार्थ खुल्ला रुपमा प्रदर्शन गरी ओसार पसार गर्न पाइने छैन।

प) मदिरा विक्री वितरण गर्न विल विजक जारी गर्नु पर्नेछ र विलमा केता/ सेवनकर्ताको नाम, थर, ठेगाना सहितको विवरण लेख्नु पर्नेछ।

**१५. दर्ता तथा नविकरण शुल्क सम्बन्धि व्यवस्थाः** १) कोलहपुर नगरपालिकामा मदिरा पसल खोल्ने अनुमति प्राप्तिका लागि देहाय बमोजिमको शुल्क लिईनेछ।

(क) नयाँ मदिरा डिलरको ईजाजत प्राप्त गर्नका लागि रु. १,५१,०००/- (रु. एक लाख एकाउन्न हजार मात्र)

(ख) खुद्रा मदिरा पसल (नँया विर्को खोली विक्री गर्ने पसल) रु. ५१,०००/- (रु. एकाउन्न हजार मात्र)

२) मदिरा पसलको नविकरणका लागि वडा कार्यालयको सिफारीसमा नगरपालिकाले प्रत्येक वर्ष देहायको नविकरण शुल्क लिई नविकरण गर्नेछ।

(क) मदिरा डिलर रु. ५०,०००/- (रु. पचास हजार)

(ख) खुद्रा मदिरा पसल रु. १०,०००/- (रु. दश हजार)

प्रत्येक वर्ष गर्नुपर्ने नविकरणमा नविकरण नगरी एक वर्ष ढिला भएमा ३० प्रतिशत, २ वर्ष ढिला भएमा ४० प्रतिशत, ३ वर्ष ढिला भएमा ५० प्रतिशत जरिवाना हुनेछ र सो भन्दा बढी समय ढिला भएमा १०० प्रतिशत जरिवाना लिई नविकरण गरिनेछ। यो कार्य विधि लागु हुदाका बखत दर्ता भएका व्यवसाय नविकरण शुल्क मात्र लाग्ने छ।

## परिच्छेद-४

## कारवाही, जफत र सामानको लिलाम बिक्री सम्बन्धी व्यवस्था

**१६. कार्वाही, जफत र सामानको लिलाम बिक्री सम्बन्धी व्यवस्थाः** १) यो कार्यविधि विपरीत मदिरा बिक्री वितरण गरेको पाइएमा देहाय बमोजिम गरिनेछः-

क) कुनै पनि व्यक्ति तथा व्यवसायीहरूले यस कार्य विधि र प्रचलित कानून विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेको पाइएमा सो कार्यसँग सम्बन्धित मदिरा प्रचलित कानुन बमोजिम मुचुल्का उठान गरी जफत गरिनेछ।

ख) खण्ड (क) बमोजिम जफत गरेको मदिरा मध्ये बिक्री योग्य मदिरा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम बिक्री गर्नु पर्नेछ। बिक्री योग्य नरहेको मदिरा वातावरणमा क्षति नपुग्ने तवरले नष्ट गर्नु पर्नेछ।

ग) यस कार्यविधि र प्रचलित कानून विपरीत मदिरा उत्पादन तथा कारोबार गर्न प्रयोग गरिएको सबै सामानहरू प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ। सवारी साधनको हकमा एक

पटकको लागि छोडिनेछ र पुनः दोहोरिए मदिरा कारोबारको रकमलाई आधार मानी दोब्बर रकम सवारी साधन धनीलाई जरिवाना गरिनेछ।

**१७. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः-**

क) नगरपालिका क्षेत्र भित्र मदिरा सेवन गरी हो-हल्ला गरेमा, परिवारलाई दुःख दिएमा, तोकिएको अवधि तथा स्थान बाहेक अन्य अवधि तथा स्थानमा मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक कार्यक्रममा प्रवेश गरेमा वा सार्वजनिक सुव्यवस्थामा खलल पुग्ने कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ।

(१) सार्वजनिक पद धारणा गरेको व्यक्ति बाहेकका सर्वसाधारण व्यक्ति भएमा पहिलो पटक रु.१०००/-, दोश्रो पटक रु.२०००/-, तेश्रो पटक रु.३०००/- र सो भन्दा बढी पटक दोहोर्याएमा रु.५०००/- जरिवाना गरिने छ।

(२) कर्मचारी तथा सार्वजनिक पद धारण गरेको व्यक्ति भएमा पहिलो पटक रु.२०००/-, दोश्रो पटक रु.४०००/-, तेश्रो पटक रु.६०००/- र सो भन्दा बढी पटक दोहोर्याएमा प्रत्येक पटक रु.१००००/- जरिवाना गरिने छ।

(३) कुनै पनि व्यक्ति मदिरा सेवन गरी सरकारी कार्यालय, सार्वजनिक संघ संस्था, विद्यालय परिसर, अस्पताल क्षेत्र, धार्मिक स्थल तथा सार्वजनिक कार्यक्रममा प्रवेश गरेमा पहिलो पटक रु.२०००/-, दोश्रो पटक रु.३०००/-, तेश्रो पटक रु.५०००/- र सो भन्दा बढी पटक दोहोर्याएमा प्रत्येक पटक रु.७०००/- जरिवाना गरिने छ।

(४) कसैले नगरपालिका क्षेत्र भित्र प्लाष्टिकको पाँउचमा मदिरा राखी विक्री वितरण गरेको पाइएमा उक्त मदिरा जफत गरी पहिलो पटक रु. १०००/-, दोश्रो पटक रु. २०००/- र त्यसपछि हरेक पटकको रु. ५०००/- का दरले जरिवाना गरिनेछ।

(५) कुनै व्यक्तिले माथि उल्लेखित बमोजिमको जरिवाना वापतको रकम तिर्न नसकेमा वा नतिरेमा नगरपालिकाले जरिवाना रकम बराबरको श्रममा लगाउन सक्नेछ।

(६) पटक-पटक मदिरा सेवन गर्ने व्यक्तिलाई व्यवहार परिवर्तनको लागि नगर प्रहरीले तारेखमा बोलाउन सक्नेछ।

**१८.** नगरपालिका क्षेत्र भित्र नगरपालिकाबाट ईजाजत नलिई मदिरा बिक्री वितरण गरेको पाइएमा मदिरा जफत गरी देहाय बमोजिम जरिवाना गरिनेछ।

क) पहिलो पटक रु. १०,०००/- (दश हजार)

ख) दोश्रो पटक रु.२०,०००/- (वीस हजार)

ग) तेस्रो पटक र सो भन्दा बढी पटक भएमा प्रत्येक पटकको लागि रु. ३०,०००/- (रु.तीस हजार)

१९. नगरपालिका क्षेत्र भित्र कसैले घरेलु मदिरा उत्पादन, विक्री वितरण तथा ओसार पसार गरेको भेटिएमा उक्त मदिरा नष्ट गरी देहाय बमोजिमको जरिवाना गरिने छ।

(क) पहिलो पटक रु. ५,०००/- (रु.पाँच हजार)

(ख) दोश्रो पटक रु. १०,०००/- (रु.दश हजार)

(ग) तेस्रो पटक रु. १५,०००/- (रु.पन्ध्र हजार)

(घ) सो भन्दा बढि पटक भएमा कार्वाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

२०. यस कार्यविधिमा तोकिएको कसुरमा तोकिए बमोजिमको जरिवाना र अन्य कसुरमा कार्यविधि विपरीत गरे गराएको पाइएमा देहाय बमोजिम जरिवाना गरिनेछ।

क) पहिलो पटक रु. ५,०००/- (रु.पाँच हजार)

ख) दोश्रो पटक रु. १०,०००/- (रु.दश हजार)

ग) तेस्रो पटक रु. २०,०००/- (रु.बीस हजार)

घ) सो भन्दा बढि पटक कार्यविधि विपरीत गरेको पाइएमा प्रत्येक पटकको रु.२५००० (रु.पच्चिस हजार) को दरले जरिवाना गरिनेछ।

२१. कुनै व्यक्तिले यस कार्यविधि बमोजिमको कसूर गरेकोमा तोकिएको जरिवाना तिर्न इन्कार गरेमा निजलाई नगरपालिका तथा वडा कार्यालयबाट प्राप्त हुने सेवा सुविधा रोक्का राखी कार्वाही गरिनेछ।

## परिच्छेद-५

## खानतलासी तथा चेकजाँच सम्बन्धी व्यवस्था

**२२. खानतलासी सम्बन्धी व्यवस्थाः-**

१) कुनै स्थानमा यस कार्यविधि बमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिव माफिकको कारण भएमा प्रमुख प्रशासकीय अधिकृत वा नीजले खटाएको अधिकृत कर्मचारीले स्थानीय नेपाल प्रहरीको सहयोगमा खानतलासी गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम खानतलासी गर्दा खानतलासी गर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरीरहेको व्यक्तिलाई सो स्थानमा प्रवेश गर्नुभन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ।

३) उपदफा (२) बमोजिम खानतलासी गर्दा कसूर संग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

४) यस कार्यविधि बमोजिम कुनै स्थानको खानतलासी गर्दा स्थानीय जनप्रतिनिधिको रोहवरमा गर्नुपर्दछ।

२३. **चेकजाँच सम्बन्धी व्यवस्थाः-**

१) कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा अन्तर्गत रहेका कार्यालयहरुको प्रवेशद्धारमा नगर प्रहरी द्धारा कार्यालयमा प्रवेश गर्ने व्यक्तिहरुले मादक पदार्थ सेवन गरेको शंका लागेमा ब्रेथ लाइजर मेसिन द्वारा चेकजाँच गर्न सक्नेछ र मादक पदार्थ सेवन गरेको फेला परेमा सम्बन्धित स्वास्थ्यकर्मी द्वारा मेडिकल चेकजाँच गराई आवश्यक कार्वाहीको लागि सम्बन्धित निकाय वा स्थानीय नेपाल प्रहरी समक्ष पठाउन सकिने वा यस कार्य विधि बमोजिम सजाय गरिने छ।

२) नगर प्रहरी द्धारा मादक पदार्थ सेवन गरे/नगरेको चेकजाँच गर्दा आवश्यकतानुसार स्थानीय नेपाल प्रहरीको सहयोग लिन सकिने छ।

२४. **लागु नहुने अवस्थाः-** यस कार्यविधिको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको निमित्त प्रचलित कानुनमा तोकिएको परिमाणमा रक्सी जाँड बनाउन यस कार्य विधि अन्तर्गत अनुमति पत्र लिनु पर्ने छैन।

२५. **नगरपालिकालाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असुल गर्नेः-** यो कार्यविधि बमोजिम कुनै व्यक्तिले नगरपालिकालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट नगरपालिकाले सरकारी बाँकी रहे सरह असुल उपर गर्ने छ।

## परिच्छेद-६
## मदिरा व्यवस्थापन कोष सम्बन्धि व्यवस्था

२६. यस कार्यविधि विपरीत मदिरा बिक्री वितरण र सेवन गर्ने व्यक्तिबाट कार्यविधि बमोजिम उठेको जरिवाना रकमको १० प्रतिशत सुराक दिने व्यक्तिलाई, २५ प्रतिशत सुरक्षा निकायलाई इन्धन, अन्य ब्यवस्थापनका लागि २५ प्रतिशत सम्बन्धित वडा कार्यालय र ४० प्रतिशत नगरपालिकाको मदिरा व्यवस्थापन कोषमा रहनेछ।कोषको संचालन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको संयुक्त दस्तखतबाट गरिनेछ ।मदिरा व्यवस्थापन कोषको रकम नगरकार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिम खर्च गरिनेछ ।

क) गम्भीर रोग लागेका तर आर्थिक अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवस्यक जीविकोपार्जनका लागि आवश्यक सहयोग गर्ने।

ग) नगरपालिकाले उचित ठहर्याएको अन्य सामाजिक सेवामा ।

घ) मदिरा सेवन विरुद्धका जनचेतनामूलक कार्यक्रमहरुमा ।

ङ) मदिराको विक्री वितरण सम्बन्धी अनुगमन कार्यक्रममा ।

## परिच्छेद-७
## विविध

२७. **तहकिकातको प्रक्रियामा सहयोग गर्नुपर्नेछः-** यस कार्यविधि र प्रचलित कानुन अन्तर्गत सजाय हुने कसूरको तहकिकातको शिलशिलामा प्रमुख प्रशासकीय अधिकृत वा नीजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

२८. **मुद्दा हेर्ने अधिकारीः-** प्रचलित कानून बमोजिमको कसूरको शुरु कार्वाही र किनारा प्रचलित कानून बमोजिमको निकायले र बाँकी यस कार्य विधि अन्तर्गतको कसूरमा शुरु कार्वाही र किनारा गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ।

२९. **पुनरावेदनः-** यस कार्यविधि बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपरमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदनको लागि न्यायिक समितिमा पुनरावेदन गर्न सक्नेछ।

३०. **पुरस्कारः** १) कसैले यस कार्यविधि तथा प्रचलित कानून विपरीत मदिरा उत्पादन, संचय, बिक्री वितरण, ओसारपसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ।

(क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको वीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई विगोको तीस प्रतिशत,

२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सो संग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगरपालिकाले त्यस्तो सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहरयाएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ।

४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एकजनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

३१. यस कार्यविधिको र प्रचलित कानून कार्यान्वयनको लागि नगरपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन र सरोकारवाला अन्य निकायको कर्तव्य हुनेछ।

३२. यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुने र संघ सरकार, प्रदेश सरकारको कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

३३. **सहयोग गर्नुपर्नेः-** यस कार्यविधि वा प्रचलित कानूनको कार्यान्वयनको लागि नगरपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन तथा सरोकारवाला र अन्य निकायहरुको कर्तव्य हुनेछ।

## अनुसूची-१

दफा ११ र दफा १५ सँग सम्बन्धित

<u>इजाजत पत्र तथा नवीकरणको लागि दिइने दरखास्तको ढाँचा</u>

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर।

मैले/हामीले मदिराको देहायमा उल्लिखित कार्य गर्नका लागि देहायका कागजात, विवरण र इजाजतपत्र दस्तुर संलग्न राखी इजाजतपत्र पाउन/नवीकरणको लागि यो निवेदन पेश गरेको छु/गरेका छौं। उल्लिखित विवरण र तथ्य मैले/हामीले जाने बुझेसम्म ठीक छन्।

(१)इजाजतपत्रको प्रकारः-

| इजाजतपत्रको प्रकार | उत्पादन | पैठारी | विक्री | संचय | अन्य |
|---|---|---|---|---|---|
| नँया | | | | | |
| नवीकरण | | | | | |
| कारोवारको नाम | | | | | |

(२) व्यक्ति/प्रतिष्ठानको नामः

<table>
<tr><td>नेपाली</td><td colspan="3"></td></tr>
<tr><td>अंग्रेजी</td><td colspan="3"></td></tr>
<tr><td rowspan="2">व्यक्ति भए निजको</td><td>पति/पत्निको नाम</td><td>बाबुको नाम</td><td>बाजे/ससुराको नाम</td></tr>
<tr><td>..............................</td><td>.............................</td><td>............................</td></tr>
</table>

(३) दर्ता विवरणः

<table>
<tr><td colspan="2">स्थायी लेखा नम्वर</td><td colspan="2">कार्यालयको नाम/ठेगाना</td></tr>
<tr><td colspan="2"></td><td colspan="2" rowspan="3">नामः ...........................................<br>ठेगानाः .....................................</td></tr>
<tr><td>व्यवसाय दर्ता मितिः</td><td>२०....../....../......</td></tr>
<tr><td>दर्ता नं.</td><td>.........................</td></tr>
<tr><td>कारोवार शुरु भएको मिति</td><td>२०......./....../.....</td><td>नवीकरण हुनुपर्ने आ.व</td><td>२०.... /........</td></tr>
</table>

(४) मुख्य कार्यालय ठेगानाः

| | स्थान | | पत्राचार गर्ने ठेगाना |
|---|---|---|---|
| घर नं. (ब्लक नं.) | | | |
| वडा नं. | | | |
| टोल | | | |
| न.पा/गा.पा | | | |
| जिल्ला | | | |
| प्रदेश | | | |
| टेलिफोन नं. | | | |
| फ्याक्स नं.: | | इमेलः | |

(५)कारोवारको मुख्य स्थानः

(मुख्य कार्यालय भन्दा फरक भएमा मात्र)

| | | स्थान | | पत्राचार गर्ने ठेगाना |
|---|---|---|---|---|
| घर नं. (ब्लक नं.) | | | | |
| वडा नं. | | | | |
| टोल | | | | |
| न.पा/गा.पा | | | | |
| जिल्ला | | | | |
| प्रदेश | | | | |
| टेलिफोन नं. | | | | पो.व.नं |
| फ्याक्स नं. | | | इमेलः | |
| चार किल्ला | पूर्वः | पश्चिमः | उत्तरः | दक्षिणः |

(६) इजाजत पत्र दस्तुर/नवीरकण दस्तुर सम्बन्धी विवरणः-

| क्र.स | कारोवारको नाम/इजाजतपत्र प्रकार | दाखिला दस्तुर | जरिवाना | बैंक/कार्यालय | भौ.नं/र.नं |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- कार्यालयमा दाखिला गरेको भए सो को प.सं..................... मिति २०  /  /
- कुनै राजश्व बाँकी छ/छैन। छ भने? आयकर
  मू.अ.करः
  अन्त शुल्कः
  अन्यः

(७) प्रवन्धक निर्देशक/प्रमुख सञ्चालक/कर्मचारी निर्देशकको:

| (क) नाम | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपाली | | | |
| अंग्रेजी | | | |
| (ख) नियुक्ति मिति | | (ग)राष्ट्रियता | |
| (घ) परिचय गराउने अन्य कागजात | | | |
| कागजातको प्रकार | परिचय पत्र नं. | जारी गर्ने कार्यालय र स्थान | जारी गरेको मिति |
| | | | |

| (ङ)**ठेगानाः** | | |
|---|---|---|
| | स्थान | पत्राचार गर्ने ठेगाना |
| घर नं. (ब्लक नं.) | | |

| | | |
|---|---|---|
| वडा नं. | | |
| टोल | | |
| न.पा/गा.वि.स | | |
| जिल्ला | | |
| प्रदेश | | |
| टेलिफोन नं. | | |
| फ्याक्स नं. | | |

निवेदकको

दस्तखतः

नामः

पदः-

संस्थाको छापः

(८) कार्यालय प्रयोजनको लागिः

| | |
|---|---|
| .........................इजाजत पत्र | आ.व........................का लागि<br>स्वीकृत भएको छ। |
| .......................इजाजत पत्र | आ.व.....................का लागि<br>नवीकरण भएको छ। |
| ...............इजाजत पत्रका लागि भौ.नं..........र.नं......बाट रु..........दस्तुर रु.................थप दस्तुर (जरिवाना) दाखिला भएको छ। | |

**अनुसूचि -२**

(दफा ११ संग सम्बन्धित)

कोहलपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

कोहलपुर बाँके

**<u>इजाजत पत्र</u>**

| | |
|---|---|
| संकेत नं.: | |
| स्थायी लेखा नं.: | |
| इजाजत नं.: | |

मदिरा उत्पादन/खरिद/बिक्री/निकासी/पैठारी वा सञ्चय गर्न सेवा प्रदान गर्न देहायका शर्त पालना गर्ने गरी यो इजाजतपत्र दिइएको छ। कोहलपुर नगरपालिकाको स्थानीय मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ तथा प्रचलित कानूनमा उल्लेखित शर्त समेत पालना गर्नु पर्नेछ।

**<u>इजाजतपत्र पाउने प्रतिष्ठानको</u>**

| | | |
|---|---|---|
| नामः | | |
| ठेगानाः | | |
| सञ्चालकको नामः | | |
| सञ्चालकको स्थायी ठेगानाः | | |
| कारोवारको विवरणः | | स्वदेशी/विदेशी |

कारोवारको किसिमः

उत्पादक/वितरक/थोक विक्रेता/खुद्रा विक्रेता निकासी/पैठारी/रेष्टुरेण्ट/डिपार्टमेण्टल स्टोर/होटल

इजाजतपत्र पाउनेको इजाजतपत्र जारी गर्ने अधिकारीको

दस्तखत.....................

दस्तखत...................................

नाम.........................................

दर्जा...................................

कृपया अन्य जानकारीको लागि पछाडि हेर्नु होला...

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण गरेको मिति | आर्थिक वर्ष | नवीकरण गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## इजाजतपत्रवालाले पालना गर्नुपर्ने शर्तहरुः-

क) मदिराको बिक्री वितरण गर्दा सामाजिक सद्भाव, शान्ति सुव्यवस्था र अमन चयन नखल्बलिने गरी मात्र सञ्चालन गर्नु पर्नेछ।

ख) मदिराको बिक्री वितरण गर्दा नगरपालिकाबाट जुन उद्देश्यको लागि इजाजत पत्र दिएको हो सो बमोजिम इजाजत प्राप्त व्यक्तिले विहान १० बजे देखि राति १० बजे सम्म मात्र मदिरा विक्री वितरण गर्न पाउने छ। तर नगरपालिकाले तोकेको विशेष क्षेत्र भित्र उक्त समय सीमा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

ग) कुनै पनि मदिरा पसलले सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय, फनपार्क, बसपार्क, हाट बजारस्थल, रंगशाला तथा सामाजिक महत्वका परिसर भित्र मदिरा बेचविखन गर्न पाइने छैन ।

घ) सार्वजनिक कार्यक्रम, सभा, समारोह, मेला, महोत्सव, धार्मिक कार्यक्रम, शैक्षिक कार्यक्रम, खेलकुद, भेला, सम्मेलन, गोष्ठी, कार्यशाला, कन्सर्ट जस्ता कार्यक्रममा मदिरा सेवन तथा बेचविखन गर्न पाइने छैन।

ङ) किराना, खाद्यान्न, तरकारी, औषधी, मासु, कपडा, फलफूल लगायतका कुनै पनि पसलबाट मदिरा बिक्री वितरण गर्न पाइने छैन।

च) १८ वर्ष उमेर नपुगेका व्यक्तिले मदिरा बिक्री वितरण गर्न पाउने छैन।

छ) कसैले पनि १८ वर्ष उमेर नपुगेका व्यक्तिलाई मदिरा विक्री वितरण गर्न पाउने छैन।

ज) इजाजत पत्रवालाले अन्तः शुल्क टिकट टाँस गरेको मदिरा मात्र विक्री वितरण गर्नु पर्नेछ।

झ) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विवरण राख्नु पर्नेछ।

ञ) मदिरा बिक्री वितरण गर्ने इजाजत प्राप्त व्यवसायीले पसल बाहिर सडकबाट देखिने गरी बोर्ड राख्नु पर्नेछ।

ट) कसैले पनि प्लाष्टिकको पोका (पाउँच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन।

ठ) मानव स्वास्थ्य प्रति चेतना गराउने सूचना तथा होर्डिङ्ग बोर्ड बाहेक मदिराको प्रचार, प्रसार, माइकिङ्ग, विज्ञापन तथा होर्डिङ्ग बोर्ड राख्न पाइने छैन ।

ड) मदिरा बिक्रेता तथा सेवन कर्ताहरूले अनुमति प्राप्त होटल, रेष्टुराँ तथा बार बाहेक अन्यत्र मदिरा विक्रि तथा सेवन गर्न गराउन पाइने छैन।

ढ) मदिरा विक्री वितरण गर्ने व्यवसायीले इजाजत पत्रमा उल्लेख भए बमोजिम पसलको नाम मदिरा वा रक्सी पसल भनेर होडिङ बोर्डमा लेख्नुपर्नेछ।

ण) मदिरा विक्रेताहरुले मदिरा बिक्रि कक्षमा मदिरा बाहेक अन्य मालसमान राखी कारोवार गर्न पाउने छैन।

त) सार्वजनिक यातायातका साधन ( बस, जिप ) तथा खाद्य पदार्थ बोकेका गाडीमा मदिरा ढुवानी गर्न पाइने छैन।

थ) ईजाजत पत्र सवैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ।

द) होटेल, रेष्टुरेन्टहरुले प्रत्यक्ष बाहिर प्रदर्शन हुने गरी मदिरा राख्न पाईने छैन ।

ध) मदिरा व्यवसायको स्वीकृति लिएका होटेलहरुमा खाना वास क्षेत्र बाहेक मदिरा सेवन कक्ष अलग्गै हुनुपर्ने छ ।

न) मदिरा खरिदकर्ताले मदिराजन्य पदार्थ खुल्ला रुपमा प्रदर्शन गरी ओसार पसार गर्न पाइने छैन।

प) मदिरा विक्री वितरण गर्न विल विजक जारी गर्नु पर्नेछ र विलमा क्रेता/ सेवनकर्ताको नाम, थर, ठेगाना सहितको विवरण लेख्नु पर्नेछ।

**प्रमाणीकरण मितिः**
**मितिः २०७९/१२/२४**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**